मिति २०८१/०३/२६

श्रीमान सम्पादक तथा प्रकाशक ज्यू ।

यहाँको प्रतिष्ठित समाचार माध्यमबाट समाचार प्रकाशन/प्रसारण गरिदिनेबारे ।

**चेम्बरद्धारा मौद्रिक नीतिमा ३५ बु“दे सुझाव पेश, कर्जा प्रवाहमा सहजीकरण गर्न आग्रह**

असार २६, काठमाडौं ।

नेपाल चेम्बर अफ कमर्सले मौद्रिक नीतिमा समावेश गर्नुपर्ने विषय समेटिएको ३५ बु“दे सुझाव नेपाल राष्ट्र बैंकका गर्भनर डा विश्वनाथ पौडेल समक्ष पेश गरेको छ । चेम्बर अध्यक्ष कमलेश कुमार अग्रवालले आर्थिक र वित्तीय क्षेत्रलाई चलायमान बनाउन सहयोग हुने गरी ३५ बु“दे सुझाव गर्भनर डा. पौडेललाई बुझाउनुभएको हो ।

बजेट र मौद्रिक नीतिको प्रभावकारी समन्वय मार्फत आर्थिक र वित्तीय क्षेत्रलाई चलायमान बनाउनुपर्ने भएकाले गर्भनर समक्ष विभिन्न नीतिगत सुझावहरु पेश गरिएको अध्यक्ष अग्रवालले बताउनुभयो ।

आर्थिक गतिविधीमा आएको संकुचनले माग र आपूर्तिबीच असन्तुलन, निजी क्षेत्रको सम्पत्तिमा संकुचन एवं बैंक तथा वित्तीय संस्थामा तरलता भएपनि निजी क्षेत्रमा लगानीप्रति आर्कषण हुन नसकेको चेम्बरले उल्लेख गरेको छ

।

चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ, 'व्यवसायीहरुलाई उद्योग व्यवसायको प्रकृति हेरेर आवश्यक्ता अनुसार बैंक तथा वित्तीय संस्थासंगको आपसी विश्लेषणबाट केही समयका लागि कर्जाको पुर्नतालिकीकरण गर्न
सकिएमा यसले पीडित उद्यमी व्यवसायीहरुमा ठूलो आत्मविश्वास सिर्जना गर्न
सकिन्छ ।

बैंकको किस्ता र ब्याज तिर्न नसकेर बैंक खातामा नगद जम्मा गर्न नपाएर उद्यमी व्यवसायीहरु द्रुत गतिमा कालोसूचिमा पर्न थालेको चेम्बरले उल्लेख गरेको छ । चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ,' तीन बर्षभित्र १ लाख भन्दा बढी उद्यमी व्यवसायीहरु कालोसूचिमा परेका छन । कालोसूचिमा पर्न लागेका उद्यमी व्यवसायीहरुलाई उद्योग व्यवसायको प्रकृति हेरेर आवश्यक्ता अनुसार बैंक तथा वित्तीय संस्था संगको आपसी विश्लेषणबाट केही समयका लागि कर्जाको पुर्नतालिकीकरण गर्न सकिएमा यसले पीडित उद्यमी व्यवसायीहरुमा ठूलो आत्मविश्वास सिर्जना गर्न सकिन्छ र धेरै उद्यमी व्यवसायीलाई धरासायी हुनबाट जोगाउन सकिन्छ, '

आगामी आर्थिक वर्षको मौद्रिक नीति मार्फत निजी क्षैंत्रको मनोवल उच्च
राख्न विगतका दायित्व भुक्तानीका लागि उद्योग व्यवसायसको प्रकृति एवं अवस्था हेरेर आर्थिक पूर्नउत्थानलाई पहिलो प्राथमिकतामा राख्न पनि चेम्बरले आग्रह गरेको छ । यस्तै मौद्रिक नीतिको आगामी कार्यदिशा पुर्ण
रुपले विस्तारित एवं खुकुलो र लचिलो हुनुपर्नेमा पनि चेम्बरले जोड दिएको

छ । निजी क्षैत्रमा जाने कर्जालाई सहजीकरण भए अधिक तरलताको समस्या हल हुने चेम्बरद्धारा जारी विज्ञप्तिमा उल्लेख छ ।

उद्यमी व्यवसायीहरुलाई चालु पुँजीको उपलब्धता सरल र सहज तवरले हुनुपर्ने एवं चालुपुँजी कर्जा निर्देशिकालाई खारेज गर्नुपर्ने चेम्बरले जनाएको छ ।

घरजग्गा कारोबारलाई थप गति दिन ५० लाख भन्दा माथीको कर्जाका शतप्रतिशत जोखिमभार कायम गरिनुपर्ने चेम्बरले जनाएको छ । यस्तै घरजग्गाको कर्जा प्रवाहमा हुने मुल्याङकनको सीमा ८०-२० को रेसियो कायम गरिनुपर्नेमा चेम्बरले जोड दिएको छ ।

चेम्बरको सुझाव पछि गर्भनर डा. पौडेलले वित्तीय क्षेत्रलाई चलायमान बनाउने गरी नै आगामी आर्थिक बर्षको मौद्रिक नीति तय हुने प्रतिवद्धता जनाउनुभएको छ । नेपाल चेम्बर अफ कमर्सको सुझावलाई राष्ट्र बैंकले ग्रहण गर्ने डा पौडेलले बताउनुभएको छ ।



मिति २०८१/०२/२८

**नेपाल चेम्बर अफ कमर्सद्धारा आर्थिक बर्ष २०८२/८३ को मौद्रिक नीति सम्वन्धमा श्रीमान गर्भनर डा विश्वनाथ पौडेल ज्यू समक्ष प्रस्तुत गरिएका सुझावहरु :**

**बजेट र मौर्दिक नीतिका सम्वन्धमा :**

**१.** सरकारले आगामी आर्थिक बर्ष २०८२/८३ का लागि १९ खर्व ४४ अर्व रुपैयाँको बजेट प्रस्तुत गरेको छ। ६ प्रतिशतको आर्थिक वृद्धिदर र मुद्रास्फिति ५ दशमलव ५ प्रतिशत भित्र राख्ने सरकारको लक्ष्य छ। सोही बमोजिम नेपाल राष्ट्र बैंक पनि आगामी आर्थिक बर्षको मौद्रिक नीति तर्जुमाको क्रममा रहेको छ। मौद्रिक नीतिको दायरा सिमित भएपनि नेपाल राष्ट्र बैंक सरकारको आर्थिक सल्लाहकार समेत भएकाले श्रीमान् गर्भनर ज्यूलाई विधमान आर्थिक अवस्थाका बारेमा अवगत गराउन चाहान्छौं।

२. करिव ४ बर्षदेखि मुलुकको अर्थतन्त्र Volatile अवस्थामा छ। Covid महामारीको प्रभाव, रुस युक्रेन युद्धले पारेको Global Chain Impact एवं पछिल्लो ३ बर्ष देखिको निरन्तर

संकुचित नीतिहरुले आर्थिक गतिविधीमा शिथिलता उत्पन्न भएको छ ।

**३.** चालु आर्थिक बर्ष २०८१/८२ मा उद्योग क्षेत्रको GDP मा योगदान १२ .८ % निर्माण क्षेत्रको २.२१ वृद्धि  रहेको तथ्याङक विभागबाट प्रकाशित छन । यद्यपी  सरकारले निर्माण क्षेत्रको भूक्तानी दायित्व समयमा नै गर्न नसक्दा यो क्षेत्र प्रभावित भर्यरहेको छ ।

**चालुपुँजि कर्जा निर्देशिका सम्वन्धमा**

४. आर्थिक मन्दीबाट उन्मुक्ती नपाउन्जेल सम्ममा उद्यमी व्यवसायीहरुलाई चालु पुँजीको उपलव्धता सरल र सहज तवरले हुनुपर्दछ । तवसम्म चालुपुँजी कर्जा निर्देशिका २०७८ लाई खारेज गरिनुपर्दछ ।

**५.** आर्थिक गतिविधीमा आएको संकुचनले माग र आपूर्तिबीच असन्तुलन, निजी क्षेत्रको सम्पत्तिमा संकुचन एवं बैंक तथा वित्तीय संस्थामा तरलता भएपनि निजी क्षेत्रमा लगानीप्रति आर्कषण छैन ।

**६.** बैंकको किस्ता र ब्याज तिर्न नसकेर बैंक खातामा नगद जम्मा गर्न नपाएर उद्यमी व्यवसायीहरु द्रुत गतिले कालो सूचीमा पर्न थालेका छन । पछिल्लो ३ वर्षमा १ लाख भन्दा बढी उद्यमी व्यवसायी कालोसूचीमा परेका छन । यती छोटो समयमा ठूलो संख्यामा उद्यमी व्यवसायीहरु कालोसूचीमा पर्नु निजी क्षेत्रका लागि दुखद पक्ष हो ।

**७.** कालो सूचीमा पर्न लागेका उद्यमी व्यवसायीहरुलाई उद्योग व्यवसायको प्रकृति हेरेर आवश्यक्ता अनुसार बैंक तथा वित्तीय संस्थासंगको आपसी विश्लेषणबाट केही समयका लागि कर्जाको पुर्नतालिकीकरण गर्न सकिएमा यसले पीडित उद्यमी व्यवसायीहरुमा ठूलो आत्मविश्वास सिर्जना गर्न सकिन्छ र धेरै उद्यमी व्यवसायीलाई धरासायीहुनबाट जोगाउन सकिन्छ ।

**आयकर निर्धारण सम्वन्धमा :**

**८.** हालै पारित आर्थिक ऐनमा श्रोत नखुलेको सम्पत्तिको आयकर निर्धारण सम्वन्धी व्यवस्थाले अनौपचारिक अर्थतन्त्रमा रहेको झण्डै ५० प्रतिशत पुँजीलाई बैङिकङ प्रणालीमा आउन निरुत्साहित गरेको छ । हाल सम्म नेपाली अर्थतन्त्रमा आयकर ऐन २०५८ र  सम्पत्ति शुद्धिकरण ऐन २०६४ लागु हुनुभन्दा अगाडी वैधानिक तवरले आर्जित सम्पत्ति एवं पुँजिको अभिलेखिकरण नभएको एवं आर्जित सम्पत्ति एवं पुँजिको श्रोत सम्वन्धी प्रमाणिकरको आधार केही आयका शीर्षक बाहेक हालसम्म उपलव्ध हुने व्यवस्था नरहेकाले माथी उल्लेखित प्रावधानका कारण स्वदेशी लगानी

निरुत्साहित हुने देखिएको छ । अविलम्व सवैको सम्पत्ति एवं पुँजिको अभिलेखिकरणको व्यवस्था एवं हरेक प्रकारको वैधानिक आयको श्रोत खुल्ने प्रमाणित आधार उपलव्ध गराईने व्यवस्था गरिनुपर्दछ ।

९. मुलुकको अर्थतन्त्रमा झण्डै ८१ प्रतिशत लगानी भएको निजी क्षेत्रलाई विगतका दायित्वहरुबाट उन्मुक्तीका लागि वित्तीय सहजिकरण नभईन्जेल थप Risk लिएर नयाँ उद्योग व्यवसाय गर्न बैंकबाट ऋण लिन आँट आउन सक्दैन । निजी क्षेत्रको Risk Bearing Capacity अत्यन्तै न्यून भएर गएको अवस्था छ ।

१०.काठमाडौं लगायत मुलुकका अधिकांश ठूला शहरहरुमा अझैपनि व्यापारिक शटरहरु गोदामहरु बन्द भएर To-Let को सूचना देखिन थालेका छन । यो अवस्था अर्थतन्त्रका लागि निश्चय नै राम्रो रहँदैन ।

११. आर्थिक शिथिलताले सरकारको राजश्व पनि संकुचन हुन गएको छ । त्यसको प्रत्यक्ष दवाव निजी क्षेत्रमाथि पर्न गएको छ । भूत प्रभावी करका दायित्वहरु, अन्तशुल्क ऐनको स्वेच्छाचारी प्रयोग तथा आयकर ऐन २०५८ का दफाहरुको अव्यवहारिक Interpretation गरेर दवाव सिर्जना गरिएको छ । यसले उद्यमी व्यवसायीहरुको मनोवल झन तल झारिदिएको छ ।

१२. आगामी आर्थिक वर्षको मौद्रिक नीति मार्फत निजी क्षैत्रको मनोवल उच्च राख्न विगतका दायित्व भुक्तानीका लागि उद्योग व्यवसायसको प्रकृति एवं अवस्था हेरेर आर्थिक पूर्नउत्थानलाई पहिलो प्राथमिकतामा राखिनुपर्दछ ।

१३. मौद्रिक नीतिको आगामी कार्यदिशा पुर्ण रुपले विस्तारित एवं खुकुलो र लचिलो हुनुपर्दछ ।

१४. निजी क्षैँत्रमा जाने कर्जालाई सहजीकरण गरिनुपर्दछ ।

१५. उच्च आर्थिक वृद्धिका लागि स्थायी रुपमा नै एकल अंकको व्याजदर कायम हुने नीति लिईनुपर्दछ ।

१६. बैंक दरलाई ५ प्रतिशतमा ल्याईनुपर्दछ र सोहीअनुसारको करिडोर राखिनुपर्दछ ।

१८. स्प्रेड दर ३.५ % कायम गरिनुपर्दछ ।

१९. घरजग्गा कारोबारलाई थप गति दिन ५० लाख भन्दा माथीको कर्जाका शतप्रतिशत जोखिमभार कायम गरिनुपर्दछ ।

२०. घरजग्गाको कर्जा प्रवाहमा हुने मुल्याङकनको सीमा ८०-२० को रेसियो कायम गरिनुपपर्दछ

।

२१. ५० लाख रुपैयाँसम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात ८० % र अन्य श्रोतबाट भुक्तानी हुने भएमा नीतिगत व्यवस्था गरिनुपर्दछ ।

२२. सेयर बजारमा व्यक्तिगततर्फ १५ करोड रुपैयाँको कर्जा सीमा हटाईनु पर्दछ ।

२३. पर्यटन उद्योगलाई प्रर्वद्धन गर्न भारतीय पर्यटकहरुका लागि ठूलादरका भारतीय मुल्यका नोटहरु चलनचल्तीमा खुला गरिनुपर्दछ ।

२४. अनौपचारिक अर्थतन्त्रमा रहेको पुँजीलाई बैंङिकङ प्रणालीमा ल्याउन, बैंकमा नगद डिपोजिट मा आउने रकमको सीमालाई हटाईनु पर्दछ ।

२५. नगद ओसार पोसारमा प्रहरीको हस्तक्षेप बन्द गरिनुपर्दछ ।

२६. आगामी आर्थिक वर्षको बजेटले ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । यसका लागि १५ % प्रतिशत कर्जा प्रवाहको लक्ष्य मौद्रिक नीतिमा राखिनुपर्दछ ।

२७. बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गर्दा व्यक्तिगत जमानी दिनेको हकमा निजले लिएको शेयर अनुपात सम्मको दायित्व बेहोर्नुपर्ने अनिवार्य व्यवस्था गरिनुपर्दछ ।

२८.कम्पनी ऐन बमोजिम शेयर धनीहरुको दायित्व सिमित हुने भएकाले लगानीकर्ता कम्पनीहरु मध्ये कुनै एक कम्पनी कालो सुचीमा परेमा सो बाहेकका अन्य कम्पनीहरुले यथावत रुपमा कारोबार गर्न पाउने व्यवस्था गरिनुपर्दछ ।

२९. हायर पर्चेज सम्वन्धी नेपाल राष्ट्र बैंकबाट जारी नयाँ नियमावलीका धेरैजसो प्रावधान अव्यवहारिक रहेकाले परिमार्जन गरिनुपर्दछ ।

३०. बिभिन्न वैंकहरुको बैकिङ प्रकृयाका लागि आवश्यक पर्ने निवेदन, भौचर लगायतका कागजातहरुको ढांचा बैंक पिच्छे फरक हुने भएकोले सेवाग्राहीहरुलाइ कठिनाइ हुन गएको छ । वैकिङ प्रकृया सरल बनाउन नेपाल राष्ट्र बैंककै निर्देशनमा सवै वैकहरुमा समान किसिमको कागजात हुने व्यवस्थ गरिनु पर्ने ।

३१. बैकहरुबाट बिभिन्न सुबिधाहरु प्रवाह गर्दा लिइने बिभिन्न शूल्कहरुलाई नियमन गरिनुपर्दछ ।

३२. निकासीमूलक उद्योगलाइ प्रवर्द्धन गर्न सहुलियत दरमा कर्जा तथा Duty Drawback को सहज सुबिधा उपलब्ध गराइ प्रोत्साहित गरिनु पर्ने ।

**३३.** ग्राहकहरुले कुनै बैंकमा खाता खोल्दा एक पटक KYC Report वुझाए पछि पुन : अर्को बैंकमा KYC Report वुझाउनु पर्ने व्यवस्था हटाइनु पर्ने । सम्वन्धित बैंकलेनै KYC Report पठाउनु पर्ने व्यवस्था हुनु पर्ने ।

३४ नेपाल राष्ट्र बैंकमा जम्मा हुन गएको इतिहासकै सवैभन्दा उच्च झण्डै पौने २५ खर्व रुपैयाँ विदेशी विनिमयको संचितिलाई आर्थिक गतिविधी विस्तारमा प्रयोग गरी त्यसबाट आर्जन हुने झण्डै ३५ प्रतिशत बढीको राजश्व संकलनलाई पूर्वाधार निर्माणमा प्रयोग गर्न सकिए यसले आत्मर्निभर अर्थतन्त्रको विकासमा महत्वपुर्ण योगदान गर्नेछ ।

**३५.** विद्युतीय सवारी साधनको प्रर्वद्धनका लागि सहुलियतपुर्ण र सहजीकरण नीतिहरु तर्जुमा गर्दै व्यापार घाटा न्यूनिकरण, रोजगारी सिर्जना एवं विदेशी विनिमय संचिति बढाउन आवश्यक छ । विद्युतीय सवारी साधनलाई ८० प्रतिशत सम्म बैङिकङ सुविधा उपलव्ध गराईनुपर्दछ ।

अन्त्यमा आगामी आर्थिक वर्षको मौद्रिक नीतिका साथै आवश्यक वित्त नीतिको समन्वयबाट मुलुकमा आर्थिक शिथिलाताको अन्त्य हुनेछ भन्ने विश्वास लिएका छौं ।

मिति २०८२/०२/१६

श्रीमान सम्पादक तथा प्रकाशक ज्यू ।

चेम्बर अफ कमर्सद्धारा हीरक जयन्तीको **लोगो** सार्वजनिक जेठ, १६,

काठमाडौं ।

नेपाल चेम्बर अफ कमर्सले ७५ औं बर्षगाँठको अवसरमा ऐतिहासिक हीरक जयन्तीको लोगो सार्वजनिक गरेको छ । काठमाडौंको जमलस्थित चेम्बर भवनमा आज आयोजित विशेष समारोहमा चेम्बर सल्लाहकार परिषदका अध्यक्ष एवं हीरक जयन्ती मुल समारोह समितिका संयोजक राजेशकाजी श्रेष्ठ

र चेम्बरका अध्यक्ष कमलेश कुमार अग्रवालले संयुक्त रुपमा लोगो सार्वजनिक गर्नुभयो ।

मुलुकको समग्र चेम्बर अभियानको ७५ औं ऐतिहासिक बर्षगाँठको अवसरमा चेम्बरले वार्षिक रुपमा विभिन्न कार्यक्रम गरी यो वर्ष हीरक जयन्ती मनाउँदैछ । हीरक जयन्तीलाई भव्यताका साथ सम्पन्न गर्नका लागि सल्लाहकार परिषद्का अध्यक्ष एवं पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठको

सभापतित्वमा हीरक जयन्ती मुल समारोह समिति गठन गरिसकेको छ । निजी क्षेत्रको प्रतिनिधिमूलक पहिलो सस्था नेपाल चेम्बर अफ कमर्सले मुलुकको

समग्र आर्थिक समृद्धि एवं निजी क्षेत्रको व्यावसायिक क्षमता अभिवृद्धिका लागि गरेका बिभिन्न गतिबिधिहरुलाई हीरक जयन्तीको अवसरमा उजागर गर्दैछ ।

विसं २००७ सालमा स्थापना भएको नेपाल चेम्बर अफ कमर्स निजी क्षेत्रको

सवैभन्दा पुरानो संस्था हो । चेम्बर अभियान ७५ बर्ष पुगेको अवसरमा विभिन्न कार्यक्रम गरी यो वर्ष हीरक जयन्तीलाई भव्य बनाउने तयारी भएको सल्लाहकार परिषद्का अध्यक्ष एवं पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठले बताउनुभयो ।



मिति २०८२/०२/१६

श्रीमान सम्पादक तथा प्रकाशक ज्यू ।

**बजेट सन्तुलित तर कार्यान्वयन चुनौतीपुर्ण : नेपाल चेम्बर अफ कमर्स**

जेठ, १६, काठमाडौं ।

नेपाल चेम्बर अफ कमर्सले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले ल्याएको बजेट समग्रमा सन्तुलित रहेको बताएको छ । मुलुकको वर्तमान आर्थिक समस्याको समाधान गर्ने प्रयास स्वरुप आएपनि कार्यान्वयन भने चुनौतीपुर्ण रहेको चेम्बरले उल्लेख गरेको छ । चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ, '१३ खर्व १५ अर्व रुपैया''को राजश्व संकलन र वैदेशिक ऋृण तथा अनुदानको लक्ष्य पुरा गर्न चुनौतीपूर्ण देखिएको छ । आर्थिक गतिविधी विस्तार भएन भने राजश्व संकलन कठिन देखिन्छ । वर्तमान विश्वको परिवर्तित आर्थिक अवस्थाका कारण २ खर्व ३३ अर्व रुपैया'' बराबरको ऋृण तथा ५५ अर्व ४५ करोड रुपैया''को अनुदानको लक्ष्य संकलनको लक्ष्य पुरा गर्न पनि कठिन देखिन्छ, ।'

बजेटमा व्यापार सहजीकरण, औद्योगिक लगानी प्रवर्द्धन तथा निजी क्षेत्रको मनोबल उकास्ने दिशातर्फ उन्मुख रहेको चेम्बरले जनाएको छ । ३ करोड

रुपैयाँ भन्दा मुनिका आयोजनालाई संघीय सरकारको बजेटमा नराखिनुलाई चेम्बरले सकारात्मक रुपमा लिएको छ । यस्तै सूचना प्रविधि, पर्यटन जस्ता क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर बजेट आएको चेम्बरले उल्लेख गरेको छ ।

चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ, 'डिजिटल भुक्तानीमा लाग्दै आएको भ्याटलाई सरकारले हटाएको छ । युवाहरुलाई विदेशिनबाट
रोक्नका लागि ३ प्रतिशत व्याजदरमा ७६ करोड रुपैया'' बजेट विनियोजन गरिएको छ । स्टार्टअप व्यवसायमा वार्षिक १० करोड कारोबार गर्नेलाई ५ वर्षसम्म आयकर नलाग्ने व्यवस्था सकारात्क छ । डिजिटल बैंक स्थापना, विदेशमा लगानी खुला, होटल तथा उद्योगहरुमा कर सम्वन्धी समस्या समाधान उन्मुख नीतिहरु सकारात्मक छन । यस्तै पुर्वाधारको विकास, गुणस्तरीय सेवा विस्तार एवं बजारीकरणबाट, धार्मिक र सांस्कृतिक पर्यटन तथा पर्वतीय र साहसिक पर्यटनको प्रर्वद्धन सम्वन्धी कार्यक्रमले ती क्षेत्रको विकासमा सम्भावना देखाएको छ । सुचना प्रविधि सेवा निर्याताबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट हुने व्यवस्था र नेपालमा बसी विदेशमा सूचना प्रविधिको सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा ५ प्रतिशत मात्रै आयकर लाग्ने र यो अन्तिम हुने व्यवस्था स्वागतयोग्य छ ।'

स्थलमार्गबाट आउने पर्यटकहरुलाई लक्षित गरी स्वागत तथा सेवाकेन्द्र
स्थापना गरिने विषय सह्रानिय रहेको चेम्बरले जनाएको छ । यस्तै जग्गा

प्राप्ति र हदबन्दी सम्वन्धी कानूनको पुनरावलोकन हुने कुरा सह्रानिय रहेको चेम्बरको ठहर छ ।

रियल स्टेट तथा भूमि सम्वन्धमा निजी क्षैंत्रको साझेदारीमा व्यवस्थित शहरीकरण गरिने बजेटमा उल्लेखित व्यवस्था सकारात्मक भन्दै चेम्बरले सामुहिक आवास विकासका लागि जग्गा प्राप्ति र वित्तीय प‘‘हुच उपलव्ध गराउने र निजी क्षेत्रबाट निर्माण तथा संचालन हुने सामुदायिक तथा संयुक्त आवास विकासका लागि नीतिगत सहजीकरण गरिने व्यवस्था सकारात्मक भनेको छ । उत्पादनमुलक पर्यटन र निर्माण उद्योगका साथै आवास विकास कम्पनीहरुलाई सरल र सुलभ तरिकाले चालु पु‘‘जि कर्जा उपलव्ध गराउने व्यवस्था सकारकात्मक रहेको पनि चेम्बरले उल्लेख गरेको छ । व्यवसाय संकुचनमा परेका व्यवसायीले कर्जामा पुनर्तालिकिकरण तथा थप कार्यशील पु‘‘जी प्राप्त गर्ने र व्याज जरिवानामा सहुलियत दिएर व्यवसाय पुर्नउत्थान गर्न सहजीकरण गर्ने व्यवस्था सह्रानिय रहेको भनिएको छ ।

तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका बस्तुहरु लक्षित निर्यात रणनीति अवलम्वन र अन्तराष्ट्रिय मापदण्ड अनुरुप नेपालको गुणस्तर मापदण्ड निर्धारण तथा प्रमाणीकरण एवं सम्भाव्य खानीजन्य एवं नदिजन्य निर्माण सामाग्रीको उत्खनन र प्रशोधन गरी अन्तरिक उपयोग र निर्यात सहजीकरण गरिने व्यवस्थाले निर्यात वृद्धि हुनेमा चेम्बर अफ कमर्स विश्वस्त छ । चेम्बरले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘नेपालको ठूलो सम्भावनायुक्त बन क्षेत्र र बन पैदावरको सदुपयोग हुन सकेको छैन । पर्यवरणीय र जैविक विविधतामा

प्रतिकुल असर नपर्ने गरी बन क्षेत्र र बन पैदावरको व्यवसायिक र दिगो व्यवस्थापनका निम्ति आवश्यक नीतिहरु तर्जुमा गरिने विषय सकारात्मक रहेको छ।’

केवाईसी विवरणलाई राष्ट्रिय परिचयपत्रमा आवद्ध गर्ने विषयलाई पनि चेम्बरले सकारात्मक भनेको छ । यस्तै ग्रिन हाईड्रोजन उत्पादन गर्ने उद्योगका लागि पैठारी हुने मेसिनरी उपकरणमा सवै किसिमको कर महसुल नलाग्ने र ५ वर्षसम्म आयकर छुट दिने व्यवस्था सकारात्मक रुपमा लिएको छ । काठ तथा काठजन्य सामाग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन काठ सिजनिङ गर्ने उद्योगलाई आवस्यक पर्ने मिल मिसनरी पैठारी गर्दा १ प्रतिशत मात्रै भन्सार महसुल लाग्ने र अन्य कर तथा महसुल खारेज गर्ने व्यवस्था सकारात्मक छ । आयकर, मु.अ.कर तथा अन्तशुल्कका साथै सार्वजनिक तथा निजी सवारी साधनमा कर सम्वन्धमा दिएका छुटको व्यवस्था सह्ानिय रहेको चेम्बरले जनाएको छ । सहकारी क्षेत्रमा आवश्यक सुधार गर्न सहकारी संस्थाहरुको पुर्नगठन, कडा नियमन र बचतकर्चाको बचत सुरक्षण गर्ने योजनालाई पनि चेम्बरले सकारात्मक रुपमा लिएको छ ।

दोस्रो वित्तीय क्षेत्र सुधार रणनीति कार्यन्व्यन गरिने र बैंक तथा वित्तीय संस्थाको खराव कर्जा तथा गैर बैंङिक सम्पत्ति व्यवस्थापनका लागि एसेट म्यानेजमेन्ट कम्पनी स्थापना गरिने व्यवस्था सकारात्मक रहेको चेम्बरले जनाएको छ । चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ, ‘आर्थिक क्षेत्र सुझाव आयोगको प्रतिवेदनलाई कार्यन्व्यन गर्ने विषय सकारात्मक छ । उद्यारो

कारोबार सम्वन्धी कानून तर्जुमा गरिने , दामासायी ऐनमा सामुहिक संशोधन, बैंकिङ प्रणालीबाट विप्रेशण आय भित्र्याउने र उत्पादनशिल क्षेत्रमा लगानी प्रोत्साहन गर्ने र सार्वजकिन निकायबाट हुने सवै भुक्तानीलाई विद्युतीय प्रणालीमा आवद्ध गरिने विषय सकारात्मक छ ,।'

६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य र ५ दशमलव ५ प्रतिशतको सीमाभित्र मुद्रास्फिती कायम गर्न सोही अनुसारको सहजीकरण गर्ने गरी मौद्रिक नीति आवश्यक रहेको समेत चेम्बरले जोड दिएको छ।

आर्थिक वर्ष २०८२/८३ को बजेटबारे नेपाल चेम्बर अफ कमर्सको धारणा :

१. आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले ल्याएको बजेट समग्रमा सन्तुलित देखिन्छ । मुलुकको वर्तमान आर्थिक समस्याको समाधान गर्ने प्रयास स्वरुप आएको छ।

२. १३ खर्व १५ अर्व रुपैया''को राजश्व संकलन र वैदेशिक ऋण तथा अनुदानको लक्ष्य पुरा गर्न चुनौतीपूर्ण देखिएको छ । आर्थिक गतिविधी विस्तार भएन भने राजश्व संकलन कठिन देखिन्छ । वर्तमान विश्वको परिवर्तित आर्थिक अवस्थाका कारण २ खर्व ३३ अर्व रुपैया'' बराबरको ऋण तथा ५५ अर्व ४५ करोड रुपैया''को अनुदानको लक्ष्य संकलनको लक्ष्य पुरा गर्न पनि कठिन देखिन्छ ।

**३.** बजेटमा व्यापार सहजीकरण, औद्योगिक लगानी प्रवर्द्धन तथा निजी क्षेत्रको मनोबल उकास्ने दिशातर्फ उन्मुख छ । ३ करोड रुपैयाँ भन्दा मुनिका आयोजनालाई संघीय सरकारको बजेटमा नराखिनुलाई चेम्बरले
सकारात्मक रुपमा लिएको छ ।

**४.** सूचना प्रविधि, पर्यटन जस्ता क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर बजेट आएको छ । डिजिटल भुक्तानीमा लाग्दै आएको भ्याटलाई सरकारले हटाएको छ । युवाहरुलाई विदेशिनबाट रोक्नका लागि ३ प्रतिशत व्याजदरमा ७६ करोड रुपैया" बजेट विनियोजन गरिएको छ । स्टार्टअप व्यवसायमा वार्षिक
१० करोड कारोबार गर्नेलाई ५ वर्षसम्म आयकर नलाग्ने व्यवस्था सकारात्क छ
। डिजिटल बैंक स्थापना, विदेशमा लगानी खुला, होटल तथा उद्योगहरुमा कर
सम्वन्धी समस्या समाधान उन्मुख नीतिहरु सकारात्मक छन । यस्तै पुर्वाधारको विकास, गुणस्तरीय सेवा विस्तार एवं बजारीकरणबाट, धार्मिक र सांस्कृतिक पर्यटन तथा पर्वतीय र साहसिक पर्यटनको प्रवर्द्धन सम्वन्धी कार्यक्रमले ती क्षेत्रको विकासमा सम्भावना देखाएको छ । सुचना प्रविधि सेवा निर्याताबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट हुने व्यवस्था र नेपालमा बसी विदेशमा
सूचना प्रविधिको सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा ५ प्रतिशत मात्रै आयकर लाग्ने र यो अन्तिम हुने व्यवस्था स्वागतयोग्य छ ।

**५.** स्थलमार्गबाट आउने पर्यटकहरुलाई लक्षित गरी स्वागत तथा सेवाकेन्द्र
स्थापना गरिने विषय सह्रानिय छ ।

६. जग्गा प्राप्ति र हदबन्दी सम्वन्धी कानूनको पुनरावलोकन हुने कुरा
सह्रानिय छ , रियल स्टेट तथा भूमि सम्वन्धमा निजी क्षैत्रको साझेदारीमा व्यवस्थित शहरीकरण गरिने बजेटमा उल्लेखित व्यवस्था सकारात्मक छ । सामुहिक आवास विकासका लागि जग्गा प्राप्ति र वित्तीय प‘‘हुच उपलव्ध गराउने र निजी क्षेत्रबाट निर्माण तथा संचालन हुने सामुदायिक तथा संयुक्त आवास विकासका लागि नीतिगत सहजीकरण गरिने व्यवस्था सकारात्मक छ ।

७. उत्पादनमुलक पर्यटन र निर्माण उद्योगका साथै आवास विकास कम्पनीहरुलाई सरल र सुलभ तरिकाले चालु पु‘‘जि कर्जा उपलब्ध गराउने व्यवस्था सकारकात्मक छ । यस्तै व्यवसाय संकुचनमा परेका व्यवसायीले कर्जामा पुनर्तालिकिकरण तथा थप कार्यशील पु‘‘जी प्राप्त गर्ने र व्याज जरिवानामा
सहुलियत दिएर व्यवसाय पुर्नउत्थान गर्न सहजीकरण गर्ने व्यवस्था सह्रानिय छ
।

८. तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका बस्तुहरु लक्षित निर्यात रणनीति अवलम्वन र अन्तराष्ट्रिय मापदण्ड अनुरुप नेपालको गुणस्तर मापदण्ड निर्धारण तथा प्रमाणीकरण एवं सम्भाव्य खानीजन्य एवं नदिजन्य निर्माण सामाग्रीको उत्खनन र प्रशोधन गरी अन्तरिक उपयोग र निर्यात
सहजीकरण गरिने व्यवस्थाले निर्यात वृद्धि हुनेमा चेम्बर अफ कमर्स विश्वस्त छ ।

९.नेपालको ठूलो सम्भावनायुक्त बन क्षेत्र र बन पैदावरको सदुपयोग हुन
सकेको छैन । पर्यवरणीय र जैविक विविधतामा प्रतिकुल असर नपर्ने गरी बन क्षेत्र

र बन पैदावरको व्यवसायिक र दिगो व्यवस्थापनका निम्ति आवश्यक नीतिहरु तर्जुमा गरिने विषय सकारात्मक रहेको छ ।

**१०.** केवाईसी विवरणलाई राष्ट्रिय परिचयपत्रमा आवद्ध गर्ने विषय सह्रानिय छ ।

**११.** ग्रिन हाईड्रोजन उत्पादन गर्ने उद्योगका लागि पैठारी हुने मेसिनरी उपकरणमा सवै किसिमको कर महसुल नलाग्ने र ५ वर्षसम्म आयकर छुट दिने व्यवस्था सकारात्मक छ ।

**१२.** काठ तथा काठजन्य सामाग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन काठ सिजनिङ गर्ने उद्योगलाई आवस्यक पर्ने मिल मिसनरी पैठारी गर्दा १ प्रतिशत मात्रै भन्सार महसुल लाग्ने र अन्य कर तथा महसुल खारेज गर्ने व्यवस्था सकारात्मक छ ।

**१३.** आयकर, मु.अ.कर तथा अन्तशुल्कका साथै सार्वजनिक तथा निजी सवारी साधनमा कर सम्वन्धमा दिएका छुटको व्यवस्था सह्रानिय छ ।

**१४.** सहकारी क्षेत्रमा आवश्यक सुधार गर्न सहकारी संस्थाहरुको पुर्नगठन, कडा नियमन र बचतकर्चाको बचत सुरक्षण गर्ने योजना सकारात्मक छ ।

**१५**. दोस्रो वित्तीय क्षेत्र सुधार रणनीति कार्यन्व्यन गरिने र बैंक तथा वित्तीय संस्थाको खराव कर्जा तथा गैर बैंडिक सम्पत्ति व्यवस्थापनका लागि एसेट म्यानेजमेन्ट कम्पनी स्थापना गरिने व्यवस्था सकारात्मक छ ।

**१६.** आर्थिक क्षेत्र सुझाव आयोगको प्रतिवेदनलाई कार्यन्व्यन गर्ने विषय सकारात्मक छ । उद्यारो कारोबार सम्वन्धी कानून तर्जुमा गरिने , दामासायी ऐनमा सामुहिक संशोधन, बैंकिङ प्रणालीबाट विप्रेशण आय भित्र्याउने र उत्पादनशिल क्षेत्रमा लगानी प्रोत्साहन गर्ने र सार्वजकिन निकायबाट हुने सवै भुक्तानीलाई विद्युतीय प्रणालीमा आवद्ध गरिने विषय सकारात्मक छ ।

**१७.** छ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य र ५ दशमलव ५ प्रतिशतको सीमाभित्र मुद्रास्फिती कायम गर्न सोही अनुसारको सहजीकरण गर्ने गरी मौद्रिक नीति आवश्यक पर्दछ ।


NEPAL CHAMBER OF COMMERCE

मिति २०८२/०२/२१

श्री सम्पादक प्रकाशक ज्यू

**एमआरपी र लेवलिङमा देखिएको अन्यौलताबारे चेम्बरद्धारा सरकारको ध्यानाकर्षण**

जेठ २१, काठमाडौं ।

नेपाल चेम्बर अफ कमर्सले एमआरपी र लेवलिङ कार्यान्व्यनमा देखिएको समस्याबारे सरकारको ध्यानाकर्षण गराएको छ । उपाध्यक्ष दिपक श्रेष्ठ नेतृत्वको चेम्बर अफ कमर्सको टोलीले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी समक्ष उपभोक्ता र बिक्रेता दुवैलाई सचेतना गराएर मात्रै एमआरपी र लेवलिङ कार्यान्व्यन गर्नुपर्ने सुझाव दिएको हो

।

चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ, गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकार हो, उक्त हकबाट उपभोक्तालाई बञ्चित हुन नदिन तथा बजार र माल बस्तुकाबारे हरेक विषयमा चेतना अभिवृद्धि गर्न प्रचार प्रसार तथा सचेतनाका कार्यहरु अगाडी बढाईनु पर्नेमा सो कार्य अगाडी नबढाई, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले हाल चालिरहेको कदमले राज्यको ऐन, कानून, नियम मान्ने आधिकारिक उद्योगी, व्यवसायीहरु भने मर्कामा परेका छन, ।'

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ६ बमोजिम स्वदेशी तथा आयातित सम्पुर्ण बस्तुहरुमा

खुद्रा विक्री मुल्य एमआरपी सहितको लेवल राख्नका लागि गरेको सूचना एवं विभागले हाल गरिरहेको बजार अनुगमन र अनावश्यक कारवाहीले शिथिल भईरहेको एवं बिग्रदै गईरहेको औद्योगिक वातावरण झनै बिग्रने चेम्बरले उल्लेख गरेको छ ।

लेवलिङ र खुद्रा विक्री मुल्य एमआरपीका सम्वन्धमा उपभोक्ता र व्यापारीमा प्रचार प्रसार गरी हाल विवादमा आएका विषयहरु आपसी छलफलबाट टुङ्ग्याउने सहमति भएपनि उक्त सहमति विपरित विभागले अनावश्यक रुपमा उद्यमी व्यवसायीलाई धम्क्याउने गरेको पाईएको चेम्बरले जनाएको छ

।

उद्यमी व्यवसायीलाई अनावश्यक रुपमा धम्क्याउने तथा दण्ड स''जायको काम बन्द गर्न पनि चेम्बरले आग्रह गरेको छ । कुनै पनि व्यपारी एवं व्यवसायीले गैरकानूनी एवं अनधिकृत कार्य गरेमा सो कार्यमा नेपाल चेम्बर अफ कमर्सको समर्थन नरहने समेत चेम्बरले स्पष्ट पारेको छ ।


NEPAL CHAMBER OF COMMERCE